# पाणिनी गाउँपालिका
Panini Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive

W744 QGC
9857086520
दुर्गाफाँट, अर्घाखाँची
Durgaphant, Arghakhanchi
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal


प.सं./Letter No.: ०८२/०८३
च.नं./Ref. No.: —

मितिः २०८३/०२/१३ गते

**विषयः राय सुझाव सम्बन्धमा ।**

श्री सरोकारवाला सबै ।

प्रस्तुत विषयमा पाणिनी गाउँपालिकाको दिगो, समावेशी र सन्तुलित विकासका लागि आगामी ५ वर्षको स्पष्ट मार्गचित्र तयार पार्ने उद्देश्यले "दोस्रो आवधिक योजना" (आ.व. ०८३/०८४-०८७/०८८) तर्जुमा कार्य भइरहेको व्यहोरा सम्पूर्ण गाउँबासी तथा सरोकारवालाहरूमा जानकारी गराउदै गाउँपालिकाको वस्तुस्थिति, सम्भावना, चुनौती र आवश्यकताहरूलाई समेट्दै आगामी दिनमा स्वास्थ्य, शिक्षा, कृषि, पर्यटन, पूर्वाधार, रोजगारी, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण जस्ता क्षेत्रमा पालिकालाई कस्तो दिशा दिने भन्ने विषयमा ठोस योजना बनाउनु पर्ने भएकाले समाजका विभिन्न तह र तप्काका महानुभावहरूको अमूल्य सुझावको ठूलो महत्त्व रहन्छ।

तसर्थ, पाणिनी गाउँपालिकाको समृद्धि र रुपान्तरणका लागि कस्ता नीति, रणनीति, लक्ष्य र प्रादेशिक/स्थानीय गौरवका आयोजनाहरू समावेश गर्नुपर्छ? यस सम्बन्धमा आफ्ना रचनात्मक राय, सल्लाह र सुझावहरू उपलब्ध गराई सहयोग गरिदिनुहुन गाउँपालिका भित्र तथा बाहिर देश विदेशमा रहनुभएका सम्पूर्ण जनप्रतितिनिधिहरू, राजनीतिक दल, बुद्धीजीवी, नागरिक समाज, राष्ट्रसेवक कर्मचारी, शिक्षक, उद्योगी, व्यवसायी, युवा, महिला, सञ्चारकर्मी, सामाजिक संघसंस्थाका प्रतिनिधि तथा सम्पूर्ण आदरणीय गाउँपालिकाबासीहरूमा हार्दिक अनुरोध गरिन्छ।

**सुझाव पेश गर्ने माध्यम र स्थानः**

- **कार्यालयमा प्रत्यक्षः** गाउँपालिकाको कार्यालय वा सम्बन्धित वडा कार्यालयहरूमा लिखित रूपमा।
- **इमेल मार्फतः** पालिकाको आधिकारिक इमेल info@paninimun.gov.np , ito.paninimun@gmail.com
- **अनलाइन फारमः** पालिकाको वेबसाइटमा रहेको 'सुझाव पेटिका' वा आधिकारिक फेसबुक पेज ।
- **Link:** https://forms.gle/FBxLiP8oeTWdWpEk7
- **QR Code:**

SCAN ME

सुझाव पठाउने अन्तिम मितिः २०८३ साल जेठ २५ गते कार्यालय समयभित्र।

*तपाईंको एक सही सुझाव, पाणिनी गाउँपालिकाको समृद्धिको आधार बन्न सक्छ।*

पुनश्चः विस्तृत जानकारी वा सुझावको ढाँचाका लागि गाउँपालिकाको वेबसाइट [www.paninimun.gov.np] हेर्नुहुन वा योजना शाखामा सम्पर्क गर्नुहुन अनुरोध छ।

भवदीय,

.......................

कमल प्रसाद न्यौपाने
स.प्रशासकीय अधिकृत

## पाणिनी गाउँपालिकाको दोस्रो आवधिक योजना (आ.व. २०८३/८४ - २०८७/८८)

**राय, सल्लाह तथा सुझाव संकलन फारम**

**१. व्यक्तिगत/संस्थागत विवरण:**

- **सुझावकर्ता/संस्थाको नाम:** ........................................................................
- **ठेगाना:** पाणिनी गाउँपालिका, वडा नं: ...... (गाउँ/टोल: .....................................)
- *(गाउँपालिका बाहिर वा विदेशमा भए हालको ठेगाना):* .......................................
- **पेशा/आबद्धता (जस्तै: कृषक, शिक्षक, व्यवसायी, युवा, आदि):** ..............................
- **सम्पर्क मोवाइल नं:** .................................. **इमेल:** ..................................

**२. क्षेत्रगत राय तथा सुझावहरू:** *(कृपया आफूलाई जानकारी र चासो भएका क्षेत्रहरूमा बुँदागत रूपमा सुझाव लेख्नुहोला। आवश्यक परे थप पाना प्रयोग गर्न सकिनेछ।)*

**क) आर्थिक विकास क्षेत्र (कृषि, पशुपालन, पर्यटन, उद्योग, सहकारी, र बजार व्यवस्थापन):**

- *सुझाव:* ..........................................................................................
- ..........................................................................................

**ख) सामाजिक विकास क्षेत्र (शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाइ, संस्कृति, युवा तथा खेलकुद):**

- *सुझाव:* ..........................................................................................
- ..........................................................................................

**ग) पूर्वाधार विकास क्षेत्र (सडक, यातायात, सिंचाई, भवन, ऊर्जा/विद्युतीकरण, र सञ्चार):**

- *सुझाव:* ..........................................................................................
- ..........................................................................................

**घ) वन, वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन:**

- *सुझाव:* ..........................................................................................
- ..........................................................................................

**ङ) सुशासन, संस्थागत विकास तथा क्षमता विकास (सेवा प्रवाह, प्रविधि प्रयोग, र पारदर्शिता):**

- *सुझाव:* ..........................................................................................
- ..........................................................................................

**३. पाणिनी गाउँपालिकाको गौरवका योजनाहरू (पालिकास्तरका ठूला वा रुपान्तरणकारी आयोजनाहरू):** *(आगामी ५ वर्षभित्र पालिकाले प्राथमिकताका साथ सम्पन्न गर्नैपर्ने कुनै विशिष्ट योजना वा आयोजना भए उल्लेख गर्नुहोस्)*

१. ..........................................................................................

२. ..........................................................................................

**४. अन्य कुनै महत्वपूर्ण सुझाव वा प्रतिक्रिया:**

..........................................................................................

..........................................................................................

**सुझावकर्ताको हस्ताक्षर/बुझाउनेको नाम:** .................................. **मिति:** २०८३/.... /....

*(नोट: यो सुझाव फारम भरेर गाउँपालिकाको योजना शाखा, नजिकको वडा कार्यालयमा बुझाउन वा [पालिकाको इमेल ठेगाना] मा स्क्यान/फोटो खिचेर पठाउन सकिनेछ।)*